**Kalika Prabha : Journal of Multidisciplinary Studies**
[ISSN:- 3021-9388 (Print)]
Published by Kalika Sanskrit Vidyapeeth (RMC) Nawalpur, Nepal
https//www.ksv.edu.np

# सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको समीक्षा

**मतिप्रसाद ढकाल (विद्यावारिधिः)**

*सहप्राध्यापक : नव्यव्याकरण विभाग, ने.सं.वि., कालिका संस्कृत विद्यापीठ*

***Article History :*** *Received : 10th, Jan. 2026; Reviewed: 17th, March 2026; Accepted: 18th June, 2026*
***Corresponding Author*** *: Matiprasad Dhakal, PhD* ***E-mail :*** *dhakalmatip@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/kp.v4i1.97045* ***ORCID****: https://orcid.org/0009-0005-8228-4186*

**सारसङ्क्षेप**

*पाणिनीय व्याकरणमा प्रवेश गर्ने मुख्य आधारग्रन्थ मानिएको लघुसिद्धान्तकौमुदीको दोस्रो नेपाली टीकाका रूपमा दुर्गादत्त शर्मा उपाध्यायकृत सुबोधिनी टीका वि.सं. २०५७ मा प्रकाशन भएको थियो र नेपालमा पाणिनीय व्याकरणको परम्परागत अध्ययनमा यसले हालसम्म पनि प्रभाव पारेको छ। यस टीकाका बारेमा हालसम्म गरिएका पूर्वाध्ययनहरू परिचयात्मक र अन्य नेपाली टीकासँगका तुलनात्मक अध्ययनमा केन्द्रित रहेकाले यस टीकाको पृथक् परिचयात्मक विश्लेषण गर्न सुबोधिनी टीकाका साथै संस्कृत टीकायुक्त गीताप्रेसको बहुप्रचलित लघुसिद्धान्तकौमुदी ग्रन्थलाई प्राथमिक सामग्रीका रूपमा ग्रहण गरिएको छ। सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको अग्रभाग, मूलभाग र पश्चभागको परिचयात्मक समीक्षा गर्ने सन्दर्भमा संस्कृतको मूलपाठमा थप गरिएको अंश, प्रभावित अंश, पुनरुक्त सूत्रहरूको सङ्ख्याङ्कन नगरी पूर्वपठित सूत्रसङ्ख्याको निर्देश, सुबोधिनी टीकाका प्रकरणगत प्रमुख विशेषताहरू र सुबोधिनी टीकासँग सम्बद्ध प्रकरणगत पादटिप्पणीहरूको समीक्षा गर्नाका साथै पादटिप्पणीको सङ्ख्याङ्कनमा देखिएका केही न्यूनताका बारेमा समेत समीक्षा गरिएको यस लेखले नेपालमा पाणिनीय व्याकरणको अध्ययन एवं अध्यापनको परम्परामा सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको विशेष योगदान रहेको कुरालाई पुष्टि गर्ने प्रयत्न गरेको छ।*

**शब्दकुञ्जिका** पादटिप्पणी, प्रकरण, प्रयोग, विशेषता, व्याख्या।

## शोधपरिचय

पाणिनीय व्याकरणमा प्राचीन र नवीन गरी दुई पद्धति विकसित भएका छन्। वरदराजाचार्यको लघुसिद्धान्तकौमुदीलाई नव्यव्याकरणको अध्ययन परम्परामा आधारभूत ग्रन्थका रूपमा लिइन्छ। भावार्थ सुबोधिनी नेपाली टीकाका माध्यमले वि.सं. १९९२ मा सर्वप्रथम लघुसिद्धान्तकौमुदीलाई सरलीकृत गर्ने प्रयत्न गरिएको थियो भने सुबोधिनी नेपाली टीकाका माध्यमले त्यसलाई अझै सरलीकृत र सामयिक बनाउने प्रयास गरिएको छ। वि.सं.

२०५७ मा नेपाल संस्कृत विश्वविद्यालयबाट प्रकाशन गरिएको सुबोधिनी टीकायुक्त लघुसिद्धान्तकौमुदीका टीकाकार दुर्गादत्त शर्मा उपाध्याय हुन् र यो पुस्तक प्रकाशकद्वारा विक्री वितरण गरिँदै आएकाले अध्येताहरूका लागि वर्तमानमा सुलभ पनि छ। सुबोधिनी टीकायुक्त लघुसिद्धान्तकौमुदीको पृथक् विशेषता र उपयोगिताका बारेमा नेपाली समाज अझै पनि सुसूचित हुन नसकेकाले यस अध्ययनमा त्यसबारे समीक्षात्मक दृष्टिकोण प्रस्तुत गरिएको छ।

## पूर्वकार्यको समीक्षा

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीभन्दा पहिला वि.सं. १९९२ मा नेपाली भाषामा लघुसिद्धान्तकौमुदीको टीका लेखिएको तथ्याङ्क भेटिएको भए पनि त्यसभन्दा अघि र वि.सं. २०५७ सम्म लघुसिद्धान्तकौमुदीमाथि नेपाली भाषामा दोस्रो टीका लेखिएको तथ्याङ्क भेट्न सकिएको छैन। वि.सं. २०५७ मा नेपाली भाषामा लेखिएको लघुसिद्धान्तकौमुदीको सुबोधिनी नामक दोस्रो टीकाका टीकाकार दुर्गादत्त शर्मा उपाध्याय र सुबोधिनी टीकाका बारेमा हालसम्म गरिएका उपलब्ध पूर्वाध्ययनहरूको कालक्रमिक विवरण यसप्रकार छ :

बाबुराम पोखरेल (२०५७) द्वारा सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदी पुस्तकको 'प्रकाशकीय'मा काशिकावृत्ति, महाभाष्य आदि प्रामाणिक ग्रन्थको आशयका आधारमा विश्लेषण गरिएको तथा प्रत्युदाहरणशैली र सामान्य प्रक्रियाशैलीबाट शङ्काहरूको समाधान गरिएको हुँदा यो टीका आफैमा शोधकार्य जस्तै रहेकाले व्याकरण विषयका शोधार्थीलाई महत्त्वपूर्ण सामग्रीका रूपमा देखिन पुगेको दृष्टिकोण प्रस्तुत गरिएको भए पनि सुबोधिनी टीकाको समग्र विश्लेषण भने उनको समीक्षात्मक मन्तव्यमा हुन सकेको देखिँदैन।

मुकुन्द शर्मा (२०६२) द्वारा 'दुर्गादत्त शर्मा उपाध्याय र उहाँको लुघसिद्धान्तकौमुदी टीका : एक विमर्श' शीर्षकको लेखमा टीकाकारको सङ्क्षिप्त परिचय र ठाउँठाउँमा विवेचनासमेत गरिएकाले गुरुमुख पढ्न नपाउने अध्येताका लागि उपयोगी रहेको विश्वास गरिएको भए पनि उनको लेखमा सुबोधिनी टीकाको समग्र समीक्षा हुन सकेको छैन।

भीमप्रसाद कण्डेल (२०७१) द्वारा 'लघुसिद्धान्तकौमुदीको सुबोधिनी टीकाप्रति विवेचनात्मक दृष्टि' शीर्षकको लेखमा सुबोधिनी टीकाको आवश्यकता र महत्त्व, टीकाकार र उनका रचनाहरू, सुबोधिनी टीकाको व्याख्यानप्रक्रियाका सोदाहरण केही विशेषता, व्याख्याको भाषाशैली र श्रीधरानन्दको हिन्दी व्याख्यामा देखिएका त्रुटिहरूको समाधान गर्ने प्रयत्न गरिएको भए पनि उनको अध्ययनमा समग्र पक्षको समीक्षा भने हुन सकेको पाइँदैन।

रामचन्द्र कण्डेल (२०७८) द्वारा 'लघुसिद्धान्तकौमुद्या भावार्थसुबोधिनी–सुबोधिनीटीकयोस्तुलनात्मकमध्ययनम्' शीर्षकको विद्यावारिधिस्तरीय अनुसन्धानमा भवानीशङ्कर शर्मा (१९९२) को भावार्थ सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीसँग दुर्गादत्त शर्मा उपाध्याय (२०५७) को सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको तुलनात्मक अध्ययन गर्ने क्रममा दुवैका साम्य र वैषम्य पक्षको चर्चासँगै सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको सङ्क्षिप्त परिचयात्मक चर्चा गरिएको पाइए पनि उनको अनुसन्धानमा पृथक् रूपमा सुबोधिनी टीकाको समग्र परिचयात्मक विश्लेषण हुन सकेको देखिँदैन।

मतिप्रसाद ढकाल (२०८१) ले 'लघुसिद्धान्तकौमुदीका भावार्थ सुबोधिनी र सुबोधिनी टीकाको तुलनात्मक अनुशीलन' शीर्षकमा रामचन्द्र कण्डेल (२०७८) का अनुसन्धानको समीक्षा गर्ने क्रममा बाबुराम पोखरेल (२०५७) ले सुबोधिनी टीकाका केही विशेषताको उल्लेख गरेको, मुकुन्द शर्मा चालिसे (२०६२) एवं भीमप्रसाद कण्डेल (२०७१) ले समेत सुबोधिनी टीकाकारको विस्तृत परिचयसँगै सुबोधिनी टीकायुक्त लघुसिद्धान्तकौमुदीको बाह्यस्वरूपको सामान्य परिचय दिई भावार्थ सुबोधिनी टीकाभन्दा सुबोधिनी टीका बढ्ता स्पष्ट रहेको उल्लेख गरेको भए पनि समीक्षात्मक उक्त अध्ययनमा सुबोधिनी टीकायुक्त लघुसिद्धान्तकौमुदीका समग्र पक्षको समीक्षा हुन सकेको पाइँदैन।

## अनुसन्धान विधि

सामग्री सङ्कलनका विभिन्न विधिहरूमध्ये यस लेखका लागि नमुना छनौट विधिलाई अध्ययन सामग्री सङ्कलनको आधार बनाइएको छ। दुर्गादत्त शर्मा उपाध्यायले २०५७ सालमा तयार गरी महेन्द्र संस्कृत विश्वविद्यालयबाट प्रकाशनमा ल्याइएको सुबोधिनी नामक नेपाली भाषामा लेखिएको टीकासहितको लघुसिद्धान्तकौमुदी र गीताप्रेस गोरखपुरबाट १९९३ सालमा प्रकाशित संस्कृत टीकासहितको बहुप्रचलित लघुसिद्धान्तकौमुदीलाई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ भने मुकुन्द शर्मा (२०६२) को 'दुर्गादत्त शर्मा उपाध्याय र उहाँको लघुसिद्धान्तकौमुदी टीका : एक विमर्श' शीर्षकको लेख, भीमप्रसाद कण्डेलको 'लघुसिद्धान्तकौमुदीको सुबोधिनी टीकाप्रति विवेचनात्मक दृष्टि' (२०७१) शीर्षकको समीक्षात्मक लेख, रामचन्द्र कण्डेलको विद्यावारिधिस्तरीय अनुसन्धानमा आधारित 'लघुसिद्धान्तकौमुद्या भावार्थसुबोधिनी–सुबोधिनीटीकयोस्तुलनात्मकमध्ययनम्' शीर्षकको २०७८ मा सम्पन्न शोधप्रबन्ध र सोही अनुसन्धानको समीक्षा गरिएको मतिप्रसाद ढकाल (२०८१) को 'पाणिनीय व्याकरणका अनुसन्धानको समीक्षा' (भाग २) ग्रन्थअन्तर्गतको 'लघुसिद्धान्तकौमुदीका भावार्थ सुबोधिनी र सुबोधिनी टीकाको तुलनात्मक अनुशीलन' शीर्षकको समीक्षात्मक लेखलाई यस अनुसन्धानमा द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ। यहाँ तुलनात्मक विधिबाट परस्परमा देखापर्ने असमानता ठम्याउँदै सुबोधिनी टीकाको आन्तरिक विश्लेषणबाट त्यसका प्रमुख विशेषता र न्यूनताहरू केलाउँदै निष्कर्षमा पुगिएको छ।

### सैद्धान्तिक पर्याधार

अनुसन्धानका विभिन्न सैद्धान्तिक पद्धतिहरूमध्ये कुनै दुई विषय वा क्षेत्रमा पारस्परिक प्रेरणा र प्रभावका आधारमा समानता र भिन्नताको निर्क्योल गर्ने पद्धति नै तुलनात्मक पद्धति हो। एकपक्षीय अध्ययन एवं विश्लेषण हुनबाट बच्तै तटस्थ, निरपेक्ष, वस्तुनिष्ठ र पूर्वाग्रहरहित हुनु तुलनात्मक पद्धतिको मुख्य उद्देश्य मानिन्छ। यो लेख तुलनात्मक पद्धतिका यिनै मूलभूत सैद्धान्तिक आधारलाई ध्यानमा राखेर अन्तर्विषयक विश्लेषण पद्धतिको समेत उपयोग गर्दै तयार पारिएको हो।

## विषय विश्लेषण

पाणिनीय व्याकरणमा प्रवेश गराउने आधारभूत ग्रन्थ मानिँदै आएको लघुसिद्धान्तकौमुदीमाथि सर्वप्रथम नेपाली भाषामा भवानीशङ्कर शर्माद्वारा लेखिएको भावार्थ सुबोधिनी टीका वि.सं. १९९२ मा प्रकाशन भएको र त्यस टीकाले नेपालको संस्कृत व्याकरण अध्ययन परम्परा अद्यावधि अप्रत्यक्ष रूपमा अनुप्राणित रहँदै आएको भए पनि वर्तमानमा त्यो टीका नेपाल राष्ट्रिय पुस्तकालय, मदन पुरस्कार पुस्तकालय र झापाका पुरुषोत्तम खतिवडाको व्यक्तिगत सङ्कलनमा बाहेक अन्यत्र उपलब्ध छैन। त्यसै सन्दर्भमा वर्तमानमा पाणिनीय व्याकरणका प्राध्यापक, शिक्षक, विद्यार्थी र अन्य जिज्ञासु अध्येताहरूको पठनपाठनमा सघाउने उद्देश्यले नेपाली भाषामा लेखेर २०५७ सालमा प्रकाशित सुबोधिनी टीकायुक्त लघुसिद्धान्तकौमुदीको मूलपाठ र टीकाको स्वरूप केकस्तो छ ? त्यसमा नेपाली टीकाका केकस्ता विशेषता र न्यूनताहरू रहेका छन् ? भन्ने मूलभूत समस्याको यथोचित समाधान गर्ने उद्देश्यले तयार गरिएको यस अध्ययनमा उक्त ग्रन्थको अग्रभाग, मूलभाग र पश्चभागको परिचयसँगै तुलना गर्ने क्रममा त्यस ग्रन्थमा विद्यमान प्रकरणगत प्रमुख विशेषता, न्यूनता र प्रभावको समीक्षात्मक विश्लेषण गरिएको छ।

### अग्रभागको परिचयात्मक समीक्षा

सुबोधिनी नेपाली टीकायुक्त स्मारिका साइजको लघुसिद्धान्तकौमुदी पुस्तक अग्रभागमा १९, मूलभागमा ७६३ र पश्चभागमा ५० गरी जम्मा ८३२ पृष्ठमा विस्तारित छ। तीमध्ये अग्रपृष्ठहरूमा नेपाल संस्कृत विश्वविद्यालयका तात्कालिक उपकुलपति प्रा. माधवराज गौतमको 'सम्मति', तात्कालिक शिक्षाध्यक्ष प्रा.डा. बाबुराम पोखरेलको 'प्रकाशकीय', तात्कालिक कुलसचिव प्रा.डा. भोजराज पन्तको 'मन्तव्य', टीकाकार प्रा.डा. दुर्गादत्त शर्मा उपाध्यायको 'प्राक्कथन'अन्तर्गत पुस्तकको भित्री स्वरूपसम्बन्धी जानकारी, शैली परिचय, सङ्केतसूची, समर्पणपद्य, क्षमापनपद्य र विषयसूची रहेका छन्। उपर्युक्त 'सम्मति' शीर्षकमा अर्घाखाँची खिदिमका पं. टीकाराम धनञ्जयले र झापाका पं. भवानीशङ्कर शर्माले नेपाली भाषामा लेखेका दुईवटा टीका अत्यन्त सङ्क्षिप्त, पुरानो भाषाशैली र वर्तमानमा अनुपलब्ध रहेकाले सुबोधिनी टीका प्रकाशनमा ल्याइएको उल्लेख छ भने 'प्रकाशकीय' शीर्षकमा काशिकावृत्ति, माधवीय धातुवृत्ति, वैयाकरणभूषणसार, व्याकरणमहाभाष्य आदि प्रामाणिक ग्रन्थहरूका आधारमा विश्लेषण गरिएको सुबोधिनी टीकाका केही पृथक् विशेषताहरूको चर्चा गरिएको छ। त्यस्तै 'मन्तव्य' शीर्षकमा राष्ट्रभाषाको समृद्धि बढाउन र संस्कृत भाषा जान्न खोज्ने पाठकहरूको सुविधाका लागि यो पुस्तक प्रकाशन गरिएको उल्लेख छ। त्यसैगरी 'प्राक्कथन' शीर्षकमा २०५४ वैशाखमा आरम्भ गरेर २०५६ सालको विजया दशमीका दिन पूरा गरेको जनाउँदै पाणिनीय व्याकरणका ग्रन्थकर्ता आचार्यहरूमध्ये महर्षि पाणिनि, कात्यायन मुनि, भगवान् पतञ्जलि, भट्टोजि दीक्षित आचार्य र वरदराज आचार्यको सङ्क्षिप्त परिचय दिइएको छ भने लघुसिद्धान्तकौमुदीको मूल पुस्तकमा वैयाकरणसिद्धान्तकौमुदीका १२७१ सूत्र र २२२ धातुहरू समेटेर सार ग्रहण गरिएको लघुसिद्धान्तकौमुदीलाई सुबन्त आदि प्रकरणमा विभाजन गर्नुमा वैज्ञानिकता देखिएको उल्लेख छ। त्यस्तै 'विषयसूची'मा संज्ञाप्रकरणदेखि स्त्रीप्रत्यय प्रकरणसम्म ६० वटा प्रकरणहरूसँगै अन्तमा १४ श्लोकमा टीकाकारको परिचय दिइएको छ।

## सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीका मूलभागको परिचयात्मक समीक्षा

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको मूलभागलाई मुख्यतः संस्कृत मूलपाठ, सुबोधिनी टीका र पादटिप्पणी गरी तीन आधारमा परिचयात्मक विशेषता ठम्याउन र समीक्षा गर्न सकिन्छ ।

### *सुबोधिनी टीकायुक्त लघुसिद्धान्तकौमुदीको संस्कृत मूलपाठमा थप र प्रभाव*

सुबोधिनी टीकायुक्त लघुसिद्धान्तकौमुदीको संस्कृत मूलपाठमा थपिएका र वैयाकरणसिद्धान्तकौमुदीबाट प्रभावित भएका केही अंशहरू भेटिन्छन्। बहुप्रचलित गीताप्रेसको लघुसिद्धान्तकौमुदी (१९९३) मा वार्तिकलाई बुझाउन वा., उणादिसूत्रलाई बुझाउन उ.सू. र गणसूत्रलाई बुझाउन सर्वत्र ग.सू. सङ्केताक्षरको प्रयोग नगरिएको भए पनि सुबोधिनी टीकायुक्त लघुसिद्धान्तकौमुदीमा उपर्युक्त वार्तिक वा सूत्रलाई बुझाउन क्रमशः वा., उ.सू. र ग.सू. सङ्केताक्षरको प्रयोग गरिएको देखिन्छ। त्यसैगरी 'तद्धिताश्चासर्वविभक्तिः' (पृ. २५०) पाणिनीय सूत्र, 'आमनडुहः स्त्रियां वा' (पृ. ७४६) वार्तिक तथा 'त्वान्तं क्लीबम्' र 'तलन्तं स्त्रियाम्' (पृ. ७०४) दुवै लिङ्गसूत्र पनि सुबोधिनी टीकायुक्त लघुसिद्धान्तकौमुदीमा थप गरिएको पाइन्छ। त्यस्तै सुबोधिनी टीकायुक्त लघुसिद्धान्तकौमुदीमा 'तच्च टेः' गणसूत्र नभए पनि त्यसलाई ग.सू. मानिएको (पृ. ३२), 'वाक्यस्मरणयोरङित्' (पृ. ४०) र 'प्राण्यङ्गादेव' (पृ. ७१६) दुवै वार्तिक नभए पनि तिनलाई वा. सङ्केत (पृ. ४०, ७१६) गरिएको तथा 'जराया जरश्च' (पृ. ६१५) र 'नृनरयोर्वृद्धिश्च' (पृ. ७५०) दुवैमा ग.सू. हुनुपर्नेमा वा. उल्लेख गरिएको छ। त्यस्तै गीताप्रेसको लघुसिद्धान्तकौमुदीमा 'क्ङिति रमागमं बाधित्वा सम्प्रसारणं पूर्वविप्रतिषेधेन' (पृ. १६१) लाई वार्तिकका रूपमा सङ्केत नगरिएको भए पनि सुबोधिनी टीकायुक्त लघुसिद्धान्तकौमुदीमा त्यसलाई वार्तिक ठानिएको (पृ. १९८) देखिन्छ। गीताप्रेसको लघुसिद्धान्तकौमुदी (१९९३) मा अचो रहाभ्यां द्वे (पृ. ३०/७४), विसर्जनीयस्य सः (पृ. ३७/३९), दीर्घज्जसि च (पृ. ५८/८४), अचः परस्मिन् पूर्वविधौ (पृ. १४०/१७७), तनादिकृञ्भ्य उः (पृ. १४१/१७०), भुजोऽनवने (पृ. १७०/१८९), अत उत् सार्वधातुके (पृ. १७१/१४२), न भकुर्छुराम् (पृ. १७१/२७३) र स्वतन्त्रः कर्ता (पृ. १७८/२२३) ९ वटा सूत्रहरू मूलसूत्रकै रूपमा दुई दुई प्रकरणहरूमा पुनरुक्त भएका पाइन्छन्। सूत्राङ्क सङ्ख्याङ्कन गरिएका अन्य लघुसिद्धान्तकौमुदीमा पनि उपर्युक्त ९ वटै सूत्रलाई पृथक् पृथक् सङ्ख्या अङ्कन गरिएको पाइए पनि सुबोधिनी टीकायुक्त लघुसिद्धान्तकौमुदीको मूलपाठमा भने उपर्युक्त ९ वटै सूत्रलाई सङ्ख्याङ्कनमा पुनरुक्त नगरी पहिला सङ्ख्याङ्कन गरिएको सूत्रसङ्ख्याको निर्देश मात्र गरिएको देखिन्छ।

### *सुबोधिनी नेपाली टीकाका प्रमुख विशेषताहरूको समीक्षा*

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीमा रहेका विभिन्न किसिमका विशेषताहरूलाई मुख्यतः पञ्चसन्धि, सुबन्त, तिङन्त, कृदन्त, कारक–समास र तद्धित–स्त्रीप्रत्यय प्रकरण गरी ६ प्रकारमा विभाजन गरेर तिनको समीक्षा गर्न सकिन्छ ।

### *पञ्चसन्धि प्रकरणअन्तर्गतका सुबोधिनी टीकाका प्रमुख विशेषताहरूको समीक्षा*

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको संज्ञाप्रकरणदेखि विसर्गसन्धि प्रकरणसम्मका पञ्चसन्धि प्रकरणमा रहेको सुबोधिनी टीकाका प्रमुख विशेषताहरूमध्ये ग्रन्थादिमा, ग्रन्थमध्यमा र ग्रन्थान्तमा मङ्गलाचरण गर्ने

प्राचीन परम्पराअनुसार लघुसिद्धान्तकौमुदीको प्रारम्भमा गरिएको मङ्गलाचरणलाई अनुबन्धचतुष्टयमध्ये लघुसिद्धान्तकौमुदीलाई विषय र सम्बन्धका रूपमा, 'पाणिनीय प्रवेशाय'लाई प्रयोजनका रूपमा तथा व्याकरणको जिज्ञासु वा संस्कृत भाषाका जिज्ञासुलाई अधिकारी ठानिएको छ। त्यसैगरी प्रत्याहारसूत्रका आधारमा अण् आदिमा गरिने वर्णहरूको सङ्क्षेपीकरणलाई मात्रै नभएर 'सुडनपुंसकस्य' आदि पाणिनीय सूत्रका आधारमा गरिने सुट्, सुप्, तिङ् आदि वर्णसमुदायको सङ्क्षेपीकरणलाई पनि प्रत्याहार भनेर चिनाइएको छ। त्यस्तै प्रत्याहारसूत्र वा वर्णसमाम्नायबाट व्याकरणशास्त्रमा उपयोग गरिने ४४ वटा प्रत्याहारहरूको निर्माण हुने, तीमध्ये बहुप्रसिद्ध ४१ प्रत्याहारका अतिरिक्त एउटा वार्तिकका आधारमा 'चय्' प्रत्याहार, 'उरण् रपरः' सूत्रमा उपयोग गरिएको 'र' प्रत्याहार तथा 'ञमन्ताड्डः' १११औँ उणादिसूत्र (शर्मा, १९५१, पृ. १४४) का आधारमा 'ञम्' प्रत्याहारको चर्चा पाणिनीय व्याकरणको खिलपाठका रूपमा सुप्रसिद्ध उणादिप्रकरणमा भएको देखिन्छ। त्यसैगरी १८ प्रकारको अकारलाई सरल रूपमा चिनाउनु, कुन वर्णको केकसरी उच्चारण गर्दा कुन बाह्य प्रयत्न हुन्छ भनेर कारणसहित बाह्य प्रयत्नको चिनारी दिनु, 'यणः प्रतिषेधो वाच्यः' वार्तिकलाई 'संयोगान्तस्य लोपः' सूत्रसँग सम्बद्ध र त्यसको अपवाद ठान्नु, सन्धि भएका अतिरिक्त उदाहरणहरूसमेत दिएर तिनको सन्धिविच्छेद गर्नाका साथै नेपाली अर्थ उल्लेख गर्नु, 'र' प्रत्याहारको सिद्धि सरल रूपमा जानकारी दिनु, त्रिपादी, सपादी र अष्टाध्यायीसूत्रपाठमा रहेका अङ्कहरूको परिचय दिनु, 'तृतीयेति किम् ?' जस्ता किम्पद र तदन्तर्गतका प्रत्युदाहरणहरूको समेत सिद्धिप्रक्रिया देखाउनु, 'भूवादयो धातवः' सूत्रमा 'भू' धातुपछि अन्य धेरै धातुहरू पढिएका भए पनि अदादि गणको 'वा' धातुको ग्रहण गर्नुको कारण स्पष्ट पार्नु, गणपाठ र त्यसका प्रकारहरूको सोदाहरण परिचय दिनु, लौकिक भाषा र वैदिक भाषाको परिचय दिई तिनका बिचमा रहेको पार्थक्य निर्देश गर्नु, प्लुत आदिको उच्चारण गर्ने विधि गुरुमुखबाटै सिक्नुपर्ने जनाउनु, लघुसिद्धान्तकौमुदीमा उल्लेख गरिएका सबैजसो उदाहरण र प्रत्युदाहरणको मात्रै होइन थप उदाहरणको समेत नेपाली अर्थ दिनु, व्यवस्थित विभाषा र व्यवस्थित नित्यत्वलाई स्पष्ट पार्नु जस्ता विशेषताहरू संज्ञाप्रकरणदेखि विसर्गसन्धि प्रकरणसम्मका पञ्चसन्धि प्रकरणमा उल्लेख गरिएको पाइन्छ।

## *सुबन्त प्रकरणअन्तर्गतका सुबोधिनी टीकाका प्रमुख विशेषताहरूको समीक्षा*

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको अजन्तपुल्लिङ्ग प्रकरणदेखि अव्यय प्रकरणसम्मको सुबन्त प्रकरणमा रहेको सुबोधिनी टीकाका प्रमुख विशेषताहरूमध्ये स्थानिवद्भाव र अल्विधिलाई स्पष्ट पार्नु, शङ्कासमाधानसहित सबैजसो सुबन्त शब्दहरूको रूपसिद्धिप्रक्रिया उल्लेख गरी तिनको रूपावली र सङ्क्षिप्त समीक्षा गर्नु, सर्वनाम संज्ञालाई सार्थक र अन्वर्थ संज्ञा ठानी सर्वनाम संज्ञा हुने र सर्वनाम संज्ञा नहुने स्थलको निर्देश गर्नु, पूर्ववर्ती राम आदि शब्दभन्दा उत्तरवर्ती सर्व आदि शब्दको कति ठाउँमा समानता र भिन्नता छ भन्ने उल्लेख गरी भिन्नता भएका रूपहरूको मात्र रूपसिद्धिप्रक्रिया देखाउनु, 'पदाङ्गाधिकारे तस्य च तदन्तस्य च' आदि परिभाषाको सोदाहरण परिचय दिनु, पदसंज्ञा र भसंज्ञा हुने स्थलहरू चिनाउनु, 'अप्तृन्तृच्...' सूत्रका सन्दर्भमा व्युत्पन्न र अव्युत्पन्न दुवै पक्षको विचारविमर्श गर्नु, 'तृतीयादिषु भाषितपुंस्कं पुंवद्गालवस्य' सूत्रका सन्दर्भमा कारिकाको उद्धरण गरेर प्रवृत्तिनिमित्त शब्दलाई स्पष्ट पार्नु, 'अष्टाभ्य औश्' सूत्रमा 'अष्टभ्यः' भन्नुको तात्पर्य उल्लेख गर्नु, 'शेषे लोपः' सूत्रका सन्दर्भमा

टिलोप र अन्त्यलोप दुवै पक्षको विचारविमर्श गर्नु, गवाक् शब्दका १०९ वटा रूपहरू बन्ने आधारहरू स्पष्ट पारी १०९ वटै रूपहरू उल्लेख गर्नु, नुम् आगम गर्ने 'आच्छीनद्योर्नुम्' र 'शप्श्यनोर्नित्यम्' दुवै सूत्रको आशय विस्तृत रूपमा स्पष्ट पार्नु, स्वरादि ८८ वटा अव्यय शब्दहरू र चादि ७३ वटा अव्यय शब्दहरूको सङ्ख्याङ्कन गरी ती सबैको नेपाली अर्थ दिनु जस्ता प्रमुख विशेषताहरू सुबन्त प्रकरणमा उल्लेख गरिएका पाइन्छन् ।

***तिङन्त प्रकरणअन्तर्गतका सुबोधिनी टीकाका प्रमुख विशेषताहरूको समीक्षा***

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको भ्वादिप्रकरणदेखि लकारार्थप्रक्रियासम्मका तिङन्त प्रकरणमा रहेको सुबोधिनी टीकाका प्रमुख विशेषताहरूमध्ये १० वटै लकारहरूको काल र तिनको अर्थ उल्लेख गरी वर्तमानकाल, भूतकाल एवं भविष्यत्कालका प्रकारहरूको सोदाहरण परिचय दिनु, अद्यतन र अनद्यतन, परोक्ष भूत र अपरोक्ष भूत, फल र व्यापार, सकर्मक धातु र अकर्मक धातुको परिचय दिनु, अकर्मक धातुको वर्गीकरण गर्नु, प्रथम, मध्यम र उत्तम तीनवटै पुरुषको विधान गर्दा कुन कुन शब्दको प्रयोग गरिन्छ भन्ने कुरा बुझाउनु, 'अनेकाल् शित्सर्वस्य' र 'ङिच्च' दुवै सूत्रको बाध्यबाधकभावबारे जानकारी दिनु, सिद्ध गरिएका प्रमुख तिङन्त शब्दको वाक्यमा प्रयोग गर्नु, हेतुहेतुमद्भावलाई स्पष्ट पार्नु, सार्वधातुक लकारमा तिप् आदि नौ विभक्तिका भ्वादि, दिवादि, तुदादि र चुरादि गणमा ति, तः, अन्ति आदि समान स्वरूप रहने तालिकाको उल्लेख गर्नु, धातुका इत्संज्ञक वर्ण, इत्संज्ञाको फल र सिद्ध भएका रूपहरू देखाउनु, लघुसिद्धान्तकौमुदीमा प्रयुक्त सबैजसो धातुको नेपाली अर्थ दिई तिनका सबै लकारको रूपावली उल्लेख गर्नु, गदनदादि धातुको परिचय दिनु, बाह्य प्रयत्नका आधारमा चुत्व हुने अवस्थाको उल्लेख गर्नु, १०३ वटा अनुदात्त धातुहरूमध्ये सबै धातु लघुसिद्धान्तकौमुदीमा नरहेकाले अर्थ बुझ्नका लागि धातुपाठ हेर्न निर्देश गर्नु, सेट् र अनिट् धातुबारे विचारविमर्श गर्नु र तद्गुणसंविज्ञान बहुव्रीहि एवम् अतद्गुणसंविज्ञान बहुव्रीहिको परिचय दिनु रहेका छन् । त्यसैगरी उपसर्गको योगमा धात्वर्थमा भिन्नता हुने कुरा प्रमुख धातुका उदाहरणहरू र नेपाली अर्थ दिएर स्पष्ट पार्नु, 'ङिच्च पिन्न पिच्च ङिन्न' भन्ने भाष्यपङ्क्तिको आशय पनि स्पष्ट पार्नु, 'दुधुविव' प्रयोगमा नित्य इट् आगम हुने भनाइको आशय स्पष्ट पार्नु, 'व्यचेः कुटादित्वमनसि' वार्तिकको आशय स्पष्ट पार्नु, कारिका उद्धरण गरेर 'तृम्फ्' धातु नकारसंयुक्त कसरी भयो ? भन्ने जिज्ञासाको समाधान गर्नु, षोपदेश धातुको परिचय दिनु, श्रीमद्भगवद्गीता र अन्य महाकाव्यका समेत उदाहरणहरू दिनु, 'भुजोऽनवने' सूत्रको 'अनवने' शब्दलाई स्पष्ट पार्नु, कर्ता विभिन्न किसिमका हुने उल्लेख गर्दै तिनको सोदाहरण परिचय दिनु, आत्मनेपदप्रक्रिया, परस्मैपदप्रक्रिया, भावकर्मप्रक्रिया र कर्मकर्तृप्रक्रियाको प्रारम्भमा सम्बद्ध प्रकरणको सामान्य जानकारी प्रस्तुत गर्नुजस्ता प्रमुख विशेषताहरू सुबोधिनी टीकायुक्त लघुसिद्धान्तकौमुदीमा भेटिन्छन् ।

***कृदन्त प्रकरणअन्तर्गतका सुबोधिनी टीकाका प्रमुख विशेषताहरूको समीक्षा***

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको कृत्य प्रकरणदेखि उत्तरकृदन्त प्रकरणसम्मका कृदन्त प्रकरणमा रहेको सुबोधिनी टीकाका प्रमुख विशेषताहरूमध्ये 'वासरूपोऽस्त्रियाम्' सूत्र र 'कर्मण्यण्' सूत्रको आशय स्पष्ट पार्नु, प्रत्येक कृदन्त शब्दको नेपाली अर्थ दिनु, 'दत्तः' प्रयोगका सन्दर्भमा विशेष विचारविमर्श गर्नु, उणादि प्रत्ययान्त शब्दको सरल रूपमा परिचय दिनु, 'घञि च भावकरणयोः' सूत्रमा रहेको 'भावकरणयोः' शब्दको तात्पर्य स्पष्ट पार्नु,

मूलपाठमा दिइएका कृदन्त शब्दका अतिरिक्त त्यस्तै किसिमले सिद्ध गरिने थप कृदन्त शब्दहरूको समेत उल्लेख गर्नु, अपवाद सूत्र भए सोको समेत निर्देश गर्नु जस्ता विशेषताहरू रहेका देखिन्छन् ।

### *कारक–समास प्रकरणअन्तर्गतका सुबोधिनी टीकाका प्रमुख विशेषताहरूको समीक्षा*

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको विभक्त्यर्थ (कारक) प्रकरणदेखि समासान्त प्रकरणसम्मका कारक–समास प्रकरणमा रहेको सुबोधिनी टीकाका प्रमुख विशेषताहरूमध्ये विभक्त्यर्थ प्रकरणको प्रारम्भमा कारकको सामान्य परिचय प्रस्तुत गर्नु, प्रातिपदिकार्थ, लिङ्गमात्र, परिमाणमात्र र वचनमात्रको सरल रूपमा व्याख्या गर्नु, कारकको परिभाषा र कारकका प्रकारहरूको परिचय दिनु, द्विकर्मक धातु र गौणकर्मको सरलतम व्याख्या गर्नु, 'राज्ञः पुरुषः' प्रयोगलाई प्रतियोगी आधार बनाएर अनुयोगीको चर्चा गर्नु जस्ता विशेषताहरू उल्लेख भएका पाइन्छन् । त्यसैगरी समास प्रकरणमा समासको सामान्य परिचय दिई समासका प्रमुख पाँच भेदका रूपमा केवलसमास, अव्ययीभावसमास, तत्पुरुषसमास, बहुव्रीहिसमास र द्वन्द्वसमासका साथै तत्पुरुषको भेदका रूपमा कर्मधारयसमास र कर्मधारयको भेदका रूपमा द्विगुसमासको समेत सोदाहरण परिचय दिई 'द्वन्द्वो द्विगुरपि चाहं...' इत्यादि द्व्यर्थक श्लोकका माध्यमले केवलसमासबाहेक ६ वटा समासको अन्वर्थक परिचय दिनु, एकपद हुनु, विभक्तिको लोप भएर सङ्क्षिप्त हुनु र एकपदत्वात् स्वरमा फरक हुनु गरी समास गर्नुका तीन फलको उल्लेख गर्नु, अस्वपदविग्रह, लौकिक विग्रह र अलौकिक विग्रहको सोदाहरण परिचय दिने अविग्रह र अस्वपदविग्रहमा नित्य समास हुने जनाउनु, 'एकदेशविकृतमनन्यवत्' परिभाषाको तात्पर्य स्पष्ट पार्नु, द्वन्द्व समासका सन्दर्भमा 'च' शब्दका चार अर्थको सोदाहरण परिचय दिनु र पूर्वप्रयोग हुने पदका बारेमा चर्चा गर्नु जस्ता विशेषताहरू उल्लेखनीय रहेका छन् ।

### *तद्धित–स्त्रीप्रत्यय प्रकरणअन्तर्गतका सुबोधिनी टीकाका प्रमुख विशेषताहरूको समीक्षा*

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको तद्धित प्रकरणदेखि स्त्रीप्रत्यय प्रकरणसम्मका तद्धित–स्त्रीप्रत्यय प्रकरणमा रहेको सुबोधिनी टीकाका प्रमुख विशेषताहरूमध्ये प्राचीन वैयाकरणहरूकै प्रभावमा तद्धित शब्दको प्रयोग गरिएको रहस्योद्घाटन गर्नु, कृतसन्धिकार्यलाई एकार्थीभाव रूप सामर्थ्य भनेर अर्थ्याउनु, 'एको गोत्रे' सूत्रको सरलतम व्याख्या गर्नु, शेष अर्थलाई स्पष्ट पार्नु, 'अधार्मिकः' शब्द सिद्ध गर्न वार्तिकको आवश्यकता उल्लेख गर्नु, अधिकांश तद्धितान्त शब्दको प्रयोग गरेर देखाई तिनको नेपाली अर्थसमेत स्पष्ट पार्नु, मतुप् प्रत्यय विधायक सूत्रको व्याख्याका सन्दर्भमा 'भूमिनिन्दाप्रशंसासु...' इत्यादि भाष्यश्लोकको चर्चा गर्नु, 'वा बहूनां जातिपरिप्रश्ने डतमच्' सूत्रको भाष्यमा 'जातिपरिप्रश्ने' पदको प्रत्याख्यान गरिएको र प्रत्याख्यान नगर्दा जाति विषयमा मात्र भन्ने अर्थ हुने तर प्रत्याख्यान गर्दा गुण, क्रिया र निर्धारणमा समेत डतमच् प्रत्यय हुने अवस्था आउने उल्लेख गर्नु तथा स्त्रीप्रत्यय प्रकरणमा तीन प्रकारका जातिको परिकल्पना भाष्यकारले गरेको जनाउँदै त्रिविध जातिलाई स्पष्ट पार्ने 'आकृतिग्रहणाज्जातिः...' इत्यादि कारिकाको सरल व्याख्या गर्नु जस्ता विशेषताहरू रहेका पाइन्छन् ।

### *सुबोधिनी नेपाली टीकासँग सम्बद्ध पादटिप्पणीहरूको समीक्षा*

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीमा रहेका सुबोधिनी टीकासँग सम्बद्ध पादटिप्पणीहरूको जम्मा सङ्ख्या १६३ रहेको छ । ती टिप्पणीहरूलाई मुख्यतः पञ्चसन्धि, सुबन्त, तिङन्त, कृदन्त, कारक–समास,

तद्धित र स्त्रीप्रत्यय प्रकरण गरी ७ प्रकारमा विभाजन गरेर सुबोधिनी टीकासँग सम्बद्ध पादटिप्पणीहरूको समीक्षा गर्न सकिन्छ।

## *पञ्चसन्धि प्रकरणका पादटिप्पणीहरूको समीक्षा*

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको संज्ञाप्रकरणदेखि विसर्गसन्धि प्रकरणसम्मका पञ्चसन्धि प्रकरणमा प्रत्याहार सूत्रस्थ हकार आदि व्यञ्जनवर्णमा आद्य स्वर अकारको संयोजन, संज्ञा, परिभाषा आदि ६ प्रकारका सूत्र, उकारको ह्रस्व, दीर्घ र प्लुत तीन मात्रा, 'एदैतोः' र 'ओदौतोः'मा तपरकरणको प्रयोजन तत्काल नभएर असन्देहार्थ, इण् र अण् प्रत्याहारमा णकारको सीमा निर्धारण, पदसंज्ञामा सुबन्ततदादि र तिङन्ततदादिको व्याख्या, वार्तिकको लक्षण, तपरको व्याख्या, रेफ माथि रहने लौकिक न्याय, 'वाक्यस्मरणयोरङित्'को पूर्ण श्लोक, 'न पदान्ताट्टोरनाम्' सूत्रमा 'टोः' ग्रहणको औचित्य, 'षड्नाम्'मा षड्लाई र 'वाच्+ईश'मा 'वाच्'लाई पदसंज्ञा गर्ने सूत्रको सन्दर्भ, 'शान्त' शब्दमा परसवर्णत्व, अनुबन्धलोपको परिचय, रु आदेशमा दुई प्रकरण, 'अनुनासिकात्' शब्दमा ल्यप्लोप पञ्चमी, भोस्, भगोस् र अघोस् शब्दको प्रयोगस्थल, 'देवायिह' आदिमा यलोपयुक्त शब्दको बढ्ता प्रयोग, 'ढ्रलोपे पूर्वस्य दीर्घोऽणः' सूत्रमा पूर्व अण्को प्रयोग गर्नुपर्ने निर्देशका साथै तुल्यास्य, प्रतिज्ञा, आनुनासिक्य, पाणिनीय, अपवाद, अक्षौहिणी, भूवादय, विश्व, वृढ र चिन्मय शब्दको व्युत्पत्तिसँग सम्बद्ध ३१ वटा पादटिप्पणीको प्रयोग गरिएको पाइन्छ। यी पादटिप्पणीहरूले पञ्चसन्ध्यन्त सुबोधिनी व्याख्यालाई अझै सरलीकरण गर्न सघाएका छन्।

## *सुबन्त प्रकरणका पादटिप्पणीहरूको समीक्षा*

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको अजन्तपुल्लिङ्ग प्रकरणदेखि अव्यय प्रकरणसम्मका सुबन्त प्रकरणमा 'अर्थवत्...' सूत्रको संरचनामा चार प्रश्नको उत्तर, 'प्रथमयोः' शब्दद्वारा दुई विभक्तिको ग्रहण, 'आमि सर्वनाम्नः सुट्' सूत्रमा अवर्णान्तको स्पष्टता, तीन सूत्रद्वारा डतर र डतम प्रत्ययको विधान, देशवाचक शब्द बहुवचनान्त हुने कुराको निर्देश, सखि शब्दान्त अङ्ग भन्नुको आशय, लोकप्रसिद्ध 'भूपतये' उदाहरणको ग्रहण, 'विभाषा तृतीयादिष्वचि' सूत्रमा अजादिको स्पष्टता, 'नुमचिर...' वार्तिकको तात्पर्य, 'औङः श्यां प्रतिषेधो वाच्यः' वार्तिकको स्पष्टता, सर्वनामस्थान संज्ञाद्वारा सु, औ आदि पाँच विभक्तिको ग्रहण, मित्का रूपमा आगम (नुम् आदि) र प्रत्यय (श्नम् आदि) दुवैको बोध हुने, 'न लुमताङ्गस्य' सूत्रको अनित्यता, 'दध्नाम्' रूप दिएर 'शेषं वारिवत्' उल्लेख गर्नुको औचित्य, क्विप् आदि प्रत्ययान्त शब्दले धातुत्वलाई नछाडीकन नामत्व ग्रहण गर्ने सन्दर्भ, 'न ङिसम्बुद्ध्योः' सूत्रमा ङिनिमित्तक नलोपको निषेध वेदमा मात्र हुने स्पष्टता, 'नलोपः सुप्स्वर...' सूत्रमा नलोप असिद्धत्वका कारण नियमको व्यवस्था, 'श्वयुवमघोनामतद्धिते' सूत्रका सन्दर्भमा प्रश्नोत्तरात्मक श्लोकको सन्दर्भ, 'अचः' र 'उदः ईत्' दुई सूत्र भसंज्ञा गरेर विभक्ति ल्याएपछि प्रवृत्त हुने तथा 'समः समि' सूत्र विभक्ति ल्याउनुभन्दा पहिला प्रवृत्त हुने कुराको निर्देश, 'अञ्च्' धातुका गति र पूजा दुवै अर्थनिर्देश, 'महान्' शब्द सिद्ध गर्दा उपधाको आशङ्का र त्यसको समाधान, 'धीमान्' शब्दमा 'परं नित्यं च नुमं बाधित्वा...' परिभाषाको स्मरण, 'यः सौ' सूत्रले स्त्रीलिङ्गमा मात्र यकार हुने, 'सुपथि' शब्दमा आत्व, अत्व र न्थत्व निषेध, 'तुदत्' शब्दको सिद्धि, तसिल् आदि, शस् प्रभृति, अम्, आम्, कृत्वोर्थ, तसि, वति, ना र नाञ् प्रत्ययान्त अव्यय शब्दको उदाहरणनिर्देश, ग्रामणी, दृन्भू र पुनर्भू शब्दको कोशसन्दर्भ तथा विश्वपा,

सुश्री, वृत्रहा, सुयुक्, खञ्ज् र स्वनडुह् शब्दको व्युत्पत्तिसँग सम्बद्ध ३२ देखि ७० सम्मका ३९ वटा पादटिप्पणीहरू प्रयोग गरिएका छन् र यिनले सुबोधिनी टीकाको आशयलाई सरल र सुबोध बनाउन सहयोग पुऱ्याएका छन्।

***तिङन्त प्रकरणका पादटिप्पणीहरूको समीक्षा***

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको भ्वादिप्रकरणदेखि लकारार्थ प्रकरणसम्मका तिङन्त प्रकरणमा ७१ देखि ११४ सम्मका ४४ वटा पादटिप्पणीहरू प्रयोग गरिएका छन्। तदन्तर्गत लादेशको व्यवस्था, उभयपदी धातुमा क्रियाको फल कर्तृगामी भए आत्मनेपद र कर्तृगामी नभए परस्मैपद हुने, शप् आदि प्रत्ययान्त धातु (भव आदि) लाई पनि अङ्गसंज्ञा, वर्तमान र भविष्यत् कालमा पनि तुमुन् प्रत्यय, 'अभूवन्' शब्दमा सिच् र लुक्पछि अन्त आदेश, 'गोपायाञ्चकार' शब्दमा 'गोपायाम्'लाई पदान्त मानेर अनुस्वारको सिद्धि, अनुदात्त धातु र अनुदात्तको इत्संज्ञा हुने धातुबारे स्पष्टीकरण, 'चिक्षाय' शब्दमा हलादिशेष हुने वर्णको जानकारी, 'एधाम्'को 'म्' पदान्त भएकाले वैकल्पिक रूपमा परसवर्ण भएर एधाञ्चक्रे/एधांचक्रे दुवै सिद्ध हुने, 'रुच्' धातुको दुवै अर्थ अकर्मक, 'ईजतुः' आदि प्रयोगका कित् लिट्मा सम्प्रसारणपछि द्वित्व र अकित् लिट् (तिप्, सिप्, मिप्) मा द्वित्वपछि सम्प्रसारण हुने, 'वा' धातुको अर्थलाई हिँड्नु भनेको हावाको गति भनेर अर्थ्याइएको, 'आस्ताम्' आदि प्रयोगमा अलोप पहिला र पछि अलोप असिद्ध भएर अजादि धातुमा आट् आगम हुने, इययिथ/इयेथ प्रयोगमा इयङ् आदेश गर्नुको सामर्थ्यले हलादिशेष नहुने, 'दुहीत' प्रयोगका सन्दर्भमा विधिलिङ् सार्वधातुक भएकाले पित्भिन्न इत्को ङित्व हुने, 'अदुग्ध' प्रयोगमा क्सको पूरै लोप हुने र 'ऊणुञ्' धातुको णकार नकार ठहरिने कुराको उल्लेख गरिएको छ। त्यसैगरी 'जहातेः' भन्नाले 'ओहाक्' धातुको ग्रहण हुने, पुषादि र द्युतादि धातुको गणना, 'जा' आदेश अनेकाल् हुनाले 'जन्' पूरैका स्थानमा हुने, विभिन्न गणमा 'धू' धातुको पाठ र त्यसबारे एकजना कविको 'धूनोति चम्पकवनानि...' इत्यादि एउटा श्लोक, 'चकार' प्रयोगमा पूर्वविप्रतिषेधका कारण 'अचो ञ्णिति' सूत्रले वृद्धि तथा गुण गरेमा 'अत उपधायाः' सूत्रले वृद्धि हुने, 'सङ्गिरते' प्रयोगमा आत्मनेपद हुने सूत्रनिर्देश, 'तृण्ढः' प्रयोगमा अनुस्वार र परसवर्णबारे विचारविमर्श, 'अमासीत्' प्रयोगमा इट् आगम र सक् आगम, 'अजिज्ञपत्' प्रयोगमा अभ्यासमा लघु नभएको, सन्वद्भावको चर्चा, 'गुणो यङ्लुकोः' सूत्रमा 'इकः' षष्ठ्यन्त पद उपस्थित भएकाले इक्का स्थानमा भन्ने अर्थ गरिएको, वेदमा मात्र प्रयोग हुने गरेका 'तेतिक्ते' आदि प्रयोगमा गुणनिषेध हुने, 'अबोभूवुः' प्रयोगमा माधवीय धातुवृत्तिकारको भनाइ, लट् लकारमा 'पुत्रीयति' बने जस्तै अन्य लकारमा पुत्रीयाञ्चकार, पुत्रीयिता, पुत्रीयिष्यते, पुत्रीयतु, अपुत्रीयत, पुत्रीयेत, पुत्रीय्यात्, अपुत्रीयीत् र अपुत्रीयिष्यत् सिद्ध हुँदा तिनको लकारगत विग्रहप्रदर्शन, सबै प्रातिपदिक शब्ददेखि क्विप् गर्ने सन्दर्भमा सिद्धान्तकौमुदीको कथन, कालिक भेदका निमित्त लकार गर्नुपरेको र ण्यन्त धातुदेखि चिण्वद्भाव एवं इट् आगम हुने विषयसँग सम्बद्ध पादटिप्पणीहरूको उल्लेख गरिएको छ र यिनले तिङन्त प्रकरणको सुबोधिनी टीकालाई अझै सरल र सुबोध बनाउन सघाएका छन्।

***कृदन्त प्रकरणका पादटिप्पणीहरूको समीक्षा***

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको कृत्यप्रकरणदेखि उत्तरकृदन्त प्रकरणसम्मका कृदन्त प्रकरणमा ११५ देखि १२८ सम्मका १४ वटा पादटिप्पणीहरू प्रयोग गरिएका छन्। तीमध्ये कृत्यप्रकरणमा

काशिकावृत्तिकारले कर्म र कर्ता अर्थमा 'केलिमर्' प्रत्यय हुन्छ भन्नु (त्रिपाठी र मालवीय, २०४३, पृ. ३५५) भाष्यविरुद्ध रहेको उल्लेख गरिएको छ भने पूर्वकृदन्त प्रकरणमा 'जनार्दन' शब्दको व्युत्पत्तिका साथै 'अवावा' र 'रोट्' दुवै शब्दमा धातुको निर्देश गरिएको छ। त्यसैगरी उत्तरकृदन्त प्रकरणमा 'एरच्' सूत्रका सन्दर्भमा काशिका (त्रिपाठी र मालवीय, २०४१, पृ. ४८) को भनाइ उल्लेख गरिएको छ भने 'ड्वितः क्त्रिः' सूत्रका सन्दर्भमा सिद्धान्तकौमुदी (शर्मा र शर्मा, १९५१, पृ. २८७) को भनाइ उद्धरण गरिएको छ। त्यस्तै उत्तरकृदन्त प्रकरणमै 'विश्नः' शब्दमा धातुको निर्देश, 'अप्रत्ययात्' सूत्रका सन्दर्भमा काशिका (त्रिपाठी र मालवीय, २०४१, पृ. ७४) को अपवाद विषयक भनाइ, 'गुरोश्च हलः' सूत्रका सन्दर्भमा माधवीय धातुवृत्तिको अपवाद विषयक भनाइ, 'हलश्च' सूत्रका सन्दर्भमा माधवीय धातुवृत्तिको भनाइ, 'तत्रोपपदं सप्तमीस्थम्' सूत्रले 'अलम्' एवम् 'खलु' दुवै शब्दलाई उपपदसंज्ञा हुने र 'आभीक्ष्ण्य' एवम् 'वीप्सा' शब्दको अर्थनिर्देश गरिएको छ। कृदन्त प्रकरणस्थ यी पादटिप्पणीहरूले पनि सुबोधिनी टीकाको व्याख्यालाई अझै सरलीकरण गर्न सहयोग पुऱ्याएका छन्।

### *कारक–समास प्रकरणका पादटिप्पणीहरूको समीक्षा*

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको विभक्त्यर्थ (कारकप्रकरण) देखि समासान्त प्रकरणसम्मका कारक–समास प्रकरणमा १२९ देखि १४३ सम्मका १५ वटा पादटिप्पणीहरू प्रयोग गरिएका छन्। तीमध्ये कारक प्रकरणमा वैयाकरणभूषणसारअनुसार पाँच प्रातिपदिकार्थका अनेक पक्षहरू रहेको तथा द्वितीया, तृतीया र सप्तमी विभक्तिको अर्थ आश्रय रहेको चर्चा गरिएको छ। त्यसैगरी समास प्रकरणमा एकार्थीभावरूप सामर्थ्य र समास गर्ने सूत्रमा प्रथमान्त पदको सोदाहरण परिचय, पतित र अस्त शब्दको धातु एवं प्रत्ययको निर्देश, तद्धितवृत्ति र समासवृत्तिमा मात्र पुंवद्भाव हुने कैयटको भनाइ, 'पञ्चगवधनः' शब्दका पूर्वप्रयोगको तथा 'कुम्भकारः' शब्दमा कृत्प्रत्यय योगविवक्षित हुनुको स्पष्टीकरण, 'महानदी' शब्दमा पुंवद्भावको निर्देश, 'अव्ययानां च' र 'सप्तम्युपमानपूर्वपदस्योत्तरपदलोपश्च' दुवै वार्तिकको सन्दर्भस्रोत उल्लेख, 'व्याघ्रपाद'को अलौकिक विग्रहमा 'व्याघ्र' शब्दको व्याघ्रपाद शब्दमा लक्षणानिर्देश र 'गवाक्ष' शब्दमा 'अक्षि' शब्द सदृश अर्थमा लाक्षणिक रहेको उल्लेख गरिएको छ। उपर्युक्त पादटिप्पणीहरूले सुबोधिनी टीकालाई अझै सरल र सुबोध बनाएका छन्।

### *तद्धित प्रकरणका पादटिप्पणीहरूको समीक्षा*

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको तद्धित प्रकरणमा १४४ देखि १५७ सम्मका १४ वटा पादटिप्पणीहरूको प्रयोग गरिएको छ। तदन्तर्गत गोत्रापत्य, जामदग्न र पाराशर शब्दका सन्दर्भमा काशिकावृत्ति (त्रिपाठी र मालवीय, २०४१, पृ. ४४२) को भनाइ तथा युवापत्य शब्दका सन्दर्भमा तत्त्वबोधिनीकार (शर्मा र शर्मा १९७७, पृ. ३०२) को भनाइ उल्लेख गरिएको छ। त्यसैगरी 'औत्सः' शब्दका सन्दर्भमा एकवाक्यताको स्पष्टीकरण, 'सौघ्नः' शब्दको ऐतिहासिक सन्दर्भ, 'आश्मनम्' शब्दका सन्दर्भमा (शर्मा र शर्मा १९७७, पृ. ४४४) र सुबन्तदेखि तमप् प्रत्यय हुने तत्त्वबोधिनीकार (शर्मा र शर्मा १९७७, पृ. ६०४) को भनाइ, 'दर्दुरः' शब्दमा मेदिनीकोशको स्रोत, 'उगवादिभ्यो यत्' सूत्र (त्रिपाठी र मालवीय, २०४५, पृ. ३१७) र शस् प्रत्यय (त्रिपाठी र मालवीय, २०४६, पृ. २६३) का सन्दर्भमा काशिकाको भनाइ, 'इयान्' शब्दका सन्दर्भमा व्याकरणशास्त्रको प्रक्रिया र वेदान्तशास्त्रको सिद्धान्त

प्रतिपादन गरिएको श्लोकको उद्धरण, इष्ठन्, ईयसुन् आदि अजादि प्रत्यय गुणवाचक शब्ददेखि हुने सूत्रनिर्देश, बहुपटु शब्दमा प्रातिपदिकसंज्ञा गर्ने सूत्रबारे विचारविमर्श, अकच् प्रत्यय एवम् तदन्त शब्दको सोदाहरण विमर्श र 'पङ्क्ति' शब्दको व्युत्पत्ति देखाइएको छ। यी पादटिप्पणीहरूले तद्धित प्रकरणस्थ सुबोधिनी टीकाको व्याख्यानलाई अझै सरल बनाएका छन्।

### *स्त्रीप्रत्यय प्रकरणका पादटिप्पणीहरूको समीक्षा*

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको स्त्रीप्रत्यय प्रकरणमा १५८ देखि १६३ सम्मका ६ वटा पादटिप्पणीहरू प्रयोग गरिएको छन्। तदन्तर्गत 'टिड्ढाणञ्...' इत्यादि सूत्रमा कस्तो उपसर्जनत्वको ग्रहण गरिन्छ भन्ने बारेमा परिभाषाको स्रोत उल्लेख, 'हिमानी' र 'अरण्यानी' शब्दमा लोकप्रयोगका कारण स्त्रीत्वनिर्देश, 'बह्वच्' शब्दको अर्थनिर्देश, 'कल्याणक्रोडा' शब्दका क्रोड शब्दको अमरकोशको सन्दर्भनिर्देश, 'गोत्रं च चरणैः सह'मा व्याकरणप्रसिद्ध गोत्र शब्द नभएर सन्तति अर्थ दिने गोत्र शब्द लिइएको र 'करभोरूः' शब्दमा 'करभ' शब्दको परिचय दिइएको छ। यी सबै पादटिप्पणीहरूले स्त्रीप्रत्यय प्रकरणमा रहेको सुबोधिनी टीकाको व्याख्यालाई अझै सरल र सुबोध बनाउन सहयोग पुऱ्याएका छन्।

### *पादटिप्पणीगत न्यूनताको समीक्षा*

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीमा उल्लेख गरिएका पादटिप्पणीहरूमध्ये ११७औँ पादटिप्पणीको सङ्केत दिँदा सुबोधिनी टीकामा ११७ अङ्क उल्लेख गरिनुपर्नेमा ३१ अङ्क उल्लेख गरिएको छ (पृ. ५६४) छ भने १२६औँ पादटिप्पणीको सङ्केत 'अलंखल्वोः प्रतिषेधयोः प्राचां क्त्वा' सूत्रका सन्दर्भमा उल्लेख गरिनुपर्नेमा 'अलं दत्त्वा' उदाहरणका सन्दर्भमा उल्लेख गरिएको छ (पृ. ५९२)। त्यसैगरी 'आश्मनम्' शब्दका सन्दर्भमा १४३औँ पादटिप्पणीको तेस्रो वाक्यका रूपमा "अत्र तु मदयन्तीपुत्रवाचकोऽश्मन् शब्दः"को स्रोत "सि.कौ. तत्त्वबोधिनी टीका" उल्लेख गरिएको (उपाध्याय, २०५७, पृ. ६८९) भए पनि उक्त तेस्रो वाक्य सिद्धान्तकौमुदीको तत्त्वबोधिनी टीकामा भेटिँदैन। त्यस्तै १५७औँ पादटिप्पणीका रूपमा 'बह्वल्पार्थाछस्कारकादन्यतरस्याम्' सूत्रका सन्दर्भमा काशिकावृत्तिको भनाइ उल्लेख गर्ने क्रममा 'अन्यतरस्याम्' (त्रिपाठी र मालवीय, २०४६, पृ. २६३) शब्द छुट भएको देखिन्छ। यी तीन स्थलमा बाहेक अन्यत्र सुबोधिनी टीकामा पादटिप्पणीगत न्यूनता भेट्न सकिएको छैन।

### *पश्चभागको परिचयात्मक समीक्षा*

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको पश्चभागमा परिशिष्टका रूपमा नन्दिकेश्वरकाशिका, १४ वटा माहेश्वरसूत्रका साथै लघुसिद्धान्तकौमुदीमा उपयोग गरिएका १२७१ पाणिनीय सूत्रहरूको वर्णानुक्रमिक सूची, १२७ वटा वार्तिकहरूको वर्णानुक्रमिक सूची, २२२ धातुहरूको वर्णानुक्रमिक सूची, लघुसिद्धान्तकौमुदीमा प्रयुक्त गणहरूमा पढिएका र उत्तरत्र उदाहरणहरूमा दिइएका अन्य १५४ वटा धातुहरूको सङ्ग्रह, परिभाषापाठ, गणपाठ, लिङ्गपरिचय र सन्दर्भ ग्रन्थसूची दिइएको छ। उपर्युक्त 'नन्दिकेश्वकाशिका' शीर्षकमा १४ वटा माहेश्वर सूत्रको नन्दिकेश्वरले गरेको पारमार्थिक व्याख्यामा आधारित २७ श्लोक र तिनमा महर्षि उपमन्युले गरेको तत्त्वविमर्शिनी संस्कृत व्याख्या र टीकाकार दुर्गादत्त शर्माको भावानुवाद नेपाली व्याख्या रहेको छ। सन्दर्भ ग्रन्थसूचीमा दिइएको विवरणअनुसार

सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको पुस्तक तयार पार्दा मुख्यतः रामदत्त पाण्डेयद्वारा सम्पादित गीताप्रेसको लघुसिद्धान्तकौमुदी, भवानीशङ्कर शर्माको नेपाली व्याख्यायुक्त लघुसिद्धान्तकौमुदी र श्रीधरानन्द शास्त्रीको प्राज्ञतोषिणी संस्कृत व्याख्यायुक्त लघुसिद्धान्तकौमुदीको उपयोग गरिएको पुष्टि हुन्छ। पश्चभागमा समावेश गरिएका उपर्युक्त विषयवस्तुहरूमध्ये नन्दिकेश्वरकाशिकाको नेपाली व्याख्यामा टीकाकार दुर्गादत्त शर्माको मौलिकता देखिए पनि सूत्रसूची, मूल धातुसूची, उदाहृत धातुसूची, गणपाठ र लिङ्गपरिचय भने गीताप्रेसको लघुसिद्धान्तकौमुदी (पाण्डेय, १९९३, पृ. ३०७—३५८) बाट पूर्णतः प्रभावित देखिन्छन्। गीताप्रेसको संस्करणमा वार्तिकसूची र परिभाषापाठमा समावेश हुन छुट भएका केही वार्तिक र परिभाषाहरू भने सुबोधिनी टीकायुक्त सिद्धान्तकौमुदीमा समावेश गरिएको पाइन्छ।

## निष्कर्ष

शब्दनिर्माणसम्बन्धी पाणिनीय व्याकरणका आधारभूत मान्यताहरूलाई सरलीकृत रूपमा अध्ययन गरिएको वरदराजाचार्यकृत लघुसिद्धान्तकौमुदीमा समेटिएका विषयवस्तुलाई नेपाली भाषाका माध्यमले सरल रूपमा बुझाउन दुर्गादत्त शर्मा उपाध्यायले लेखेको सुबोधिनी नेपाली टीकायुक्त 'लघुसिद्धान्तकौमुदी'लाई वि.सं. २०५७ मा नै प्रकाशनमा ल्याइएको थियो र त्यस टीकाका माध्यमले पाणिनीय व्याकरणको अध्ययन एवं अध्यापनको नेपाली परम्परा हालसम्म प्रभावित रहँदै आएको छ। यस टीकाका मूलपाठको संरचनामा केही सूत्र थपिएको र केही सूत्र तथा वार्तिकको संरचनामा वैयाकरणसिद्धान्तकौमुदीको प्रभाव परेको, ९ वटा पुनरुक्त सूत्रलाई पृथक् सूत्रसङ्ख्या नदिएकाले यस टीकाको मूलपाठमा पठित १४७१ वटा सूत्रहरूको सङ्ख्याङ्कन गरिएको भए पनि मूलपाठमा पठित १२७ वटा वार्तिकहरूमध्ये कुनै वार्तिकको पनि सङ्ख्याङ्कन गरिएको पाइँदैन। नेपाली भाषामा पाणिनीय व्याकरणका मान्यतालाई परिपक्व र प्रामाणिक बनाउनु नै सुबोधिनी नेपाली टीकाको मुख्य उद्देश्य रहेकाले यस टीकामा देखापरेका मुख्य विशेषताहरू र पादटिप्पणीमा उल्लिखित गहन टिप्पणीले समेत सामान्य पाठकदेखि लिएर पाणिनीय व्याकरणका गहन अध्येतालाई समेत आकृष्ट गर्न सक्छन्। त्यसैले नेपालमा सञ्चालित संस्कृत व्याकरण पठनपाठन हुने सबैजसो शिक्षण संस्थाहरूमा सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको व्यापक प्रचारप्रसार हुनुपर्ने र यसलाई तहगत रूपका पाठ्यक्रममा मूल पाठ्यपुस्तक वा सहायक पाठ्यपुस्तकका रूपमा समावेश गर्दै जानुपर्ने आवश्यकता देखिन्छ।

## कृतज्ञताज्ञापन

प्रस्तुत लेख अध्ययन गरी परिमार्जन गर्नका लागि यथोचित मार्गनिर्देशन दिएर सहयोग गर्नुहुने व्याकरण विषयविज्ञज्यूप्रति कृतज्ञतापूर्वक हार्दिक आभार व्यक्त गर्दछु।

## सन्दर्भ सामग्रीसूची


उपाध्याय, दुर्गादत्त शर्मा (व्याख्या. २०५७), *लघुसिद्धान्तकौमुदी* (वरदराजाचार्यविरचित, सुबोधिनी नेपाली टीकासहित), दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय।

कण्डेल, भीमप्रसाद (२०७१), *"लघुसिद्धान्तकौमुदीको सुबोधिनी टीकाप्रति विवेचनात्मक दृष्टि"*, *खद्योत* (वर्ष १, अङ्क १, पृ. १५१—१५९), काठमाडौँ, नेपाल विद्यार्थी संघ वाल्मीकि विद्यापीठ एकाइ समिति।

कण्डेल, रामचन्द्र (२०७८), *लघुसिद्धान्तकौमुद्या भावार्थसुबोधिनी–सुबोधिनीटीकयोस्तुलनात्मकमध्ययनम्*, दाङ, नेपाल संस्कृत विश्वविद्यालयको विद्यावारिधिस्तरीय अप्रकाशित शोधप्रबन्ध।

ढकाल, मतिप्रसाद (२०८१), *पाणिनीय व्याकरणका अनुसन्धानको समीक्षा* (भाग २), नवलपरासी, आगम ढकाल।

त्रिपाठी, जयशङ्करलाल र मालवीय, सुधाकर (सम्पा. २०४१), *काशिका* (वामन–जयादित्यविरचित, चतुर्थ भाग), वाराणसी, तारा बुक एजेन्सी।

त्रिपाठी, जयशङ्करलाल र मालवीय, सुधाकर (सम्पा. २०४३), *काशिका* (वामन–जयादित्यविरचित, तृतीय भाग), वाराणसी, तारा बुक एजेन्सी।

त्रिपाठी, जयशङ्करलाल र मालवीय, सुधाकर (सम्पा. २०४५), *काशिका* (वामन–जयादित्यविरचित, पञ्चम भाग), वाराणसी, तारा बुक एजेन्सी।

त्रिपाठी, जयशङ्करलाल र मालवीय, सुधाकर (सम्पा. २०४६), *काशिका* (वामन–जयादित्यविरचित, षष्ठ भाग), वाराणसी, तारा बुक एजेन्सी।

पाण्डेय, रामनारायणदत्त (सम्पा. १९९३) *लघुसिद्धान्तकौमुदी* (सत्रौँ संस्क. २०४०), गोरखपुर, गीताप्रेस।

शर्मा, गिरिधर र शर्मा, परमेश्वरानन्द (सम्पा. १९७७ सन्), *वैयाकरणसिद्धान्तकौमुदी* (द्वितीय भाग, भट्टोजिदीक्षितविरचित, द्वितीय संस्क. १९८२ सन्), वाराणसी : मोतीलाल बनारसीदास।

शर्मा, गिरिधर र शर्मा, परमेश्वरानन्द (सम्पा. १९५१ सन्), *वैयाकरणसिद्धान्तकौमुदी* (कृदन्तप्रभृति–समाप्तिपर्यन्ता, भट्टोजिदीक्षितविरचिता), वाराणसी : मोतीलाल बनारसीदास।

शर्मा, भवानीशङ्कर (व्याख्या. १९९२), *लघुसिद्धान्तकौमुदी* (वरदराजाचार्यविरचित, भावार्थ सुबोधिनी नेपाली टीकासहित), वाराणसी : ज्योतिष प्रकाश यन्त्रालय।

शर्मा, मुकुन्द (२०६२), *"दुर्गादत्त शर्मा उपाध्याय र उहाँको लघुसिद्धान्तकौमुदी टीका : एक विमर्श"*, हाम्रो पुरुषार्थ (पूर्णाङ्क ५१, पृ. २५—२८), गुल्मी, किरण पुस्तकालय।